**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०५ जुलाई २०२५

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- केंद्रीय गृह अनि सहकारिता मंत्री अमित शाहले आज गुजरातको आणंदमा देशको पहिलो सहकारी विश्वविद्यालय त्रिभुवन सहकारी विश्वविद्यालयको आधारशिला राख्नुभयो।

- कसबा लॉ कॉलेज दुष्कर्म मामलाको जांचमा अब एउटा नया मोड़ आएको छ।

- दार्जिलिङ नगरपालिकाका पूर्व अध्यक्ष तथा दार्जिलिङका पूर्व विधायक अमरसिह राईलाई सिलिगडी- जलपाइगडी विकास प्राधिकरणको उपाध्यक्षको पदमा नियुक्त गरिएको छ।

- रंगबुल उच्च माध्यमिक विद्यालयले यस वर्ष 2025 मा उच्चत्तर माध्यमिक विद्यालयको सरकारी मान्यता प्राप्त गरेको जानकारी प्राप्त भएको छ।

- पश्चिम बंगालमा सक्रिय चक्रवातीय परिसंचरण अनि मानसूनी प्रवाहको कारण राज्यको विभिन्न भागहरुमा भारी देखि अति भारी वर्षा हुने पूर्वानुमान जारी गरिएको छ।

<u>अमित शाह - गुजरात</u>

केंद्रीय गृह अनि सहकारिता मंत्री अमित शाहले आज गुजरातको आणंदमा देशको पहिलो सहकारी विश्वविद्यालय त्रिभुवन सहकारी विश्वविद्यालयको आधारशिला राख्नुभयो। करोड़ों गरीब अनि ग्रामीण मानिसहरुको जीवनमा आशाको संचार गर्न सहकारिता मंत्रालयको स्थापना गरिएको थियो। श्री शाह सहकारिता आंदोलनसित लगभग 40 लाख कार्यकर्ताहरु जोडीसकिएको श्री शाहले बताउनुभयो। उहाले भन्नुभयो यो विश्वविद्यालयले सहकारी क्षेत्रमा नीति निर्माण, डेटा विश्लेषण, सहकारी विकास रणनीति अनि अनुसंधान जस्ता कार्य गर्नेछ। कार्यक्रमको अवधि श्री शाहले सहकारिता मंत्रालय अनि NCERT को सहयोग द्वारा सहकारिता बारे स्कूली छात्रहरुका लागि तैयार पारिएको एक विशेष द्विभाषी मॉड्यूलको पनि अनावरण गर्नुभयो।

दार्जिलिङका पूर्व विधायक अमरसिह राईलाई सिलिगुड़ी जलपाइगुड़ी विकास प्राधिकरणको उपाध्यक्षको पदमा नियुक्त

<u>कसबा लॉ कॉलेज</u>

कसबा लॉ कॉलेज दुष्कर्म मामलाको जांचमा अब एउटा नया मोड़ आएको छ। मुख्य आरोपि मनोजीत मिश्राको कॉल डिटेल्स रिकॉर्ड बाट यो खुलासा भएको छ कि उसने घटना पछि दक्षिण कोलकाताका दुई प्रभावशाली व्यक्तिहरुलाई फोन गरेका थिए। आरोपीले 'सुरक्षा' वा 'सहायता' मांगने उद्देश्यले फोन गरेको पुलिसलाई शंका छ। के उदेश्यले उसले फोन गरेको थियो ?त्येस बारे जान्न पुलिसले लगातार सोध-पुछ गरिरहेको छ। जांचमा यो तथ्य पनि अघि आएको छ - जब मनोजीतलाई आभास भयो कि पीड़िता पुलिसकोमा गैरहेको छ तब उसले एक वकीललाई पनि फोन गरेर कानूनी सल्लाह लिने प्रयास गरेको थियो। यसको साथै घटना पछि कॉलेजका वाइस प्रिंसिपलसित उसको संपर्क रहेको जानकारी पनि अघि आएको छ। पुलिस सूत्रहरु अनुसार अहिले सम्म यस मामलामा अहिले सम्म कुल 18 मानिसहरुसित सोध-पुछ गरिसकिएको छ अनि उनीहरुको बयानहरुलाई मिलाउने कार्य भैरहेको छ। एक वरिष्ठ पुलिस अधिकारीले बताए अनुसार "सीडीआर बाट जे पनि जानकारी प्राप्त भएको छ , त्यो जांचको विषय हो। यस बारे सार्वजनिक रूपमा अहिले केहि भन्न सकिन्ब्दैन।"

अमरसिह राई

दार्जिलिङ नगरपालिकाका पूर्व अध्यक्ष तथा दार्जिलिङका पूर्व विधायक अमरसिह राईलाई सिलिगडी- जलपाइगडी विकास प्राधिकरणको उपाध्यक्षको पदमा नियुक्त गरिएको छ। राज्य सरकारले एक अधिसुचना जारी गर्दै राईलाई यस जिम्मेवारी दिएको जनाएको छ। स्मरण रहोस् राईलाई पहाडका एक अनुभवी दूरदर्शी, सहृदय र जिम्मेवार नेताको रूपमा चिनिने गरिन्छ भने उहाको यस पदले मदेश क्षेत्रमा बस्ने गोर्खाहरुले धेरै न्याय पाउनेमा अपेक्षा गरिएको छ। नम्र, दयालु र जनसेवामा समर्पण रहने राईले यसभन्दा अघि पनि धेरै जिम्मेवारीहरु निभाई सक्नु भएको छ र यस पदको जिम्मेवारीले अझ धेरै जनसेवी कामहरु गर्ने अपेक्षा गरिएको छ।

कैजेले निःशुल्क आँखा जाँच शिविर

आँखाका रोगीहरुलाई जरैदेखि निर्मुल पार्ने प्रमुख उदेश्यको साथमा राज्य सरकारद्वारा संचालित महत्वाकांक्षी परियोजना अंतरगत राज्यभरिका विभिन्न ग्राम पन्चायत कार्यलयहरुमा हाल निशुल्क आँखा जाच शिविरको आयोजना भईरहेको छ। यसै क्रममा गत बिहीबार खण्ड स्वास्थ्य विभाग अनि बिजनबारी ग्रामीण अस्पतालको सहकार्यमा कैजेले ग्राम पञ्चायत कार्यलयमा एक दिने निःशुल्क आँखा जाँच शिविर सम्पन्न गरियो। बङ्गाल सरकारको दृष्टीहिन मुक्त गाउँ बनाउने उद्देश्यले सुरु गरिएको योजना अन्तरगत आयोजित निःशुल्क शिविरमा 147 जनाले निःशुल्क आखा जाँच गराएका थिए भने 27 जनालाई थप उपचारसगै अप्रेसनको निम्ती आवस्यक अस्पतालहरुमा रेफर गरिएको थियो। बिमारीहरुको सम्पुर्ण अस्पताल खर्च निःशुल्क रूपमा गरिने भएको ग्राम पन्चायत प्रधान प्रमिला लामाले जानकारी गराइएका छन् । शिविरमा जिल्ला अस्पताल दार्जिलिङ अनि विजनबारी ग्रामीण अस्पतालका विशेषज्ञ डाक्टरहरुको साथमा स्थानीय आशा, ICDS अनि स्वस्थ्य कर्मचारी , ANM ,लगायत ग्राम पञ्चायत कार्यालयका सम्पूर्ण कर्मचारीहरु सगै सम्पुर्ण वार्ड सदस्यहरुको उपस्थिति रहेको थियो। यसका साथै शिविर सफतापूर्वक सम्पन्न गर्ने सम्पूर्ण सहयोगी हातहरुलाई ग्राम पञ्चायत प्रधान प्रमिला लामाले आभार प्रकट गरेका छन् भने यस महत्वाकांक्षी परियोजनाले साच्चै राज्यसगै आफ्नो ग्रामबाट आँखाका रोगीहरु निर्मुल हुनेमा बिश्वास व्यक्त गरेका छन् ।

रंगबुल उच्च माध्यमिक विद्यालय

रंगबुल उच्च माध्यमिक विद्यालयले बर्ष 1999 मा निम्न उच्चको सरकारी मान्यता प्राप्त गरेपछि 2011 मा उच्च माध्यमिकको सरकारी मान्यता प्राप्त गरेको थियो भने यस वर्ष 2025 मा उच्चत्तर माध्यमिक विद्यालयको सरकारी मान्यता प्राप्त गरेको जानकारी प्राप्त भएको छ। यस विषयमा रंगबुल उच्चत्तर माध्यमिक विद्यालयका प्रधानाध्यापक हरिश कमल लिम्बूले मान्यता प्राप्त गराउन सहयोग गर्ने सबैप्रति आभार प्रकट गरेका छन्।उहाले विशेष गरेर क्षेत्रीय सभासद एवं जीटीएका डेपुटी चेयरम्यान राजेस चौहान, स्कूल डीआई तपशकुमार विश्वास, स्कूल एआई प्रदीप सुब्बा, एआई दालखी शेर्पा, एआई त्रिनेशा लामा लगायत सम्पूर्ण शिक्षक शिक्षिकाहरू अनि अभिभावकहरु र विद्यार्थीहरूलाई धन्यवाद ज्ञापन गरेका छन्।

डाक्टर मुनिष तामाङ

गत दार्जिलिङ लोकसभा आसनका प्रार्थी एंव प्राध्यापक डाक्टर मुनिष तामाङले आज जनसम्पर्क अभियान अन्तर्गत मिरिक आइपुग्नु भएको छ । उहाले प्रथममा मिरिकमा प्रत्येक शनिबार लाग्ने मिरिक गोर्खा रैथाने हाटको दृश्यावलोकन गर्दै यहाँका ब्यापारीहरूसित भलाकुसारी गर्नुभयो । भ्रमणको अवधि डाक्टर मुनिष तामाङले सबैलाई भेट्न,सबैको हाल बुझ्न,वृद्ध ,बरिष्ठ ,युवा,विध्यार्थी,श्रमिक,ब्यावसायी कृषकहरु सबैको कुरा सुन्न गाउँ घर आएको छु भन्ने नाराको साथमा जनसम्पर्क अभियान शुरू गरिएको बताउनु भयो ।

विमोचन

सोनादा निवासी पासाङ डोल्मा लामाद्वारा लिखित 'टिचर्स हार्ट' नामक पुस्तकको दार्जिलिङमा विमोचन गरिएको छ। दार्जिलिङको एक रेस्टुरेन्टमा आयोजित एक कार्यक्रममा लेखिका पासाङ डोल्मा लामाले आफ्नो पहिलो पुस्तक 'टिचर्स हार्ट' को लोकार्पण गराएकी छिन्। एक शिक्षकको रूपमा उहाको प्रेरणादायी यात्राको वर्णन गर्ने संस्मरणको पुस्तक विमोचन गरिएको छ। यस लोकार्पण कार्यक्रममा प्रमुख अतिथिको रुपमा वरिष्ठ साहित्यकार मनप्रसाद सुब्बाको उपस्थिति रहेको थियो। कार्यक्रममा शिक्षाविदहरू,

साहित्यकारहरू, शुभेच्छुकहरू र स्थानीय समुदायका सदस्यहरू उपस्थित रहेको थियो। यस पुस्तकले शिक्षा क्षेत्रमा लेखकका अनुभवहरूमा गहिरो व्यक्तिगत प्रतिबिम्ब प्रस्तुत गर्दछ, जसले शिक्षकको जीवनलाई परिभाषित गर्ने चुनौतीहरू, विजयहरू र हार्दिक क्षणहरू माथि प्रकाश पर्दछ।

**सिस्ने गाउँ -मिरिक**

मिरिक महकुमाको 23 नम्बर समष्टि अन्तर्गत थर्बु चियाबारीको सिस्ने गाउँलाई जोड्नका लागि खनन् कार्य गरिएको सडक वर्खायामको झरीले जीर्ण बनेपछि स्थानीय लगायत विद्यार्थीवर्गलाई धेरै समस्या भइरहेको छ। विशेष गरि यो सडकबाट सिस्नेदेखि बजारलाई जोड्ने छोटो अनि कम समय लाग्ने गर्छ। तथापि सडक हिलोमा परिणत भएपछि प्रत्येक दिन विद्यालय आवत जावत गर्ने विद्यार्थीहरूलाई अझ धेर मर्का परिरहेको स्थानीयहरूको  भनाई रहेको छ। उनीहरूले सडकको अवस्था यथावत रहे सबैलाई समस्या हुने बताउदै यथाशिघ्र समाधानको माग गरेका छन्।

मौसम

पश्चिम बंगालमा सक्रिय चक्रवातीय परिसंचरण, पूर्व-पश्चिम ट्रफ रेखा अनि मानसूनी प्रवाहको  कारण राज्यको विभिन्न भागहरुमा भारी देखि अति भारी वर्षा हुने पूर्वानुमान जारी गरिएको छ। विशेष गरेर दक्षिण बंगालको बिभिन्न जिल्लाहरुमा आगामी सोमवार सम्म लगातार वर्षा हुने संभावना छ। राज्य भरिमै सक्रिय मानसूनी हावाको कारण आगामी केहि दिनहरु सम्म रोकिंदै वर्षा जारी रहनेछ। दार्जिलिंग, कालेबुंग , अलीपुरद्वार, कोचबिहार अनि  जलपाईगडीमा पनि भारी वर्षा हुने संभावना छ। तथापी आगामी बिहिबार पछि उत्तर बंगालमा वर्षाको गतिमा कमि आउने सम्भावना छ।

**हात्तिको हमला**

सिलगडीमा आज बिहान जंगली हात्तीको आक्रमणमा एक 35 बर्षिय महिलाको मृतु भएको छ। घटना सालूगढ़ा संलग्न बैकुंठपुर राजफापरी इलाकामा भएको हो।स्थानीय सूत्रहरु अनुसार, महिला बिहान स्कूटी लिएर दोप्कन जानको लागि घरबाट निस्किएका थिए। केहि पर पुगे पछि उनको जंगली हाथीसित जम्का भेट भयो। आफुलाई बचाउने धेरै प्रयास गरेता पनि हाथीले उनीमाथि हमला गरे फलस्वरूप महिलाको घटना स्थलमानै मृतु भयो।प्राप्त जानकारी अनुसार, मृतका पति सेनामा कार्यरत छन् र अहिले उनि अन्य राज्यमा कार्यरत छन्। घटनाको खबर पाउन साथै वन विभागको सारुगाड़ा रेंजका वनकर्मी अनि भक्तिनगर थानाको पुलिस घटना स्थलमा पुगे। पुलिसले शवलाई आफ्नो कब्जामा लिएर पोस्टमार्टमको लागि पठाई दिएको छ।